**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

प्रेस विज्ञप्ति - २००६ फागुन ३ गते बुधवार

---

## उच्चायुक्तको नेपाल कार्यालयद्वारा सूर्य नेपालका अपहरित कर्मचारीसँग भेट

२००६, माघ २१ गते शुक्रवार नेपाल कम्प्युनिस्ट पार्टी माओवादीद्वारा अपहरित सूर्य नेपाल प्रालिका तीनजना कर्मचारीलाई नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले भेट गरेको छ । माओवादी सम्वद्ध अखिल नेपाल ट्रेड यूनियन महासंघले माघ २५ र २८ का दिन जारी विज्ञप्तिमार्फत् अपरहणको जिम्मेवारी लिएको थियो ।

फागुन २ का दिन उच्चायुक्तका प्रतिनिधिले सर्वजीत राना, प्रभाकर विक्रम शाह र डीएम लिम्बुलाई भेट गरेको छ । अतः उच्चायुक्तको नेपालस्थित कार्यालयले अपहरित तीनजना कर्मचारीहरूको स्वास्थ्य स्थिती सामान्य रहेको जानकारी सम्वद्ध परिवारजनलाई गराउदछ ।

उच्चायुक्तको नेपालस्थित कार्यालयले उनीहरूको रिहाइका लागि निरन्तर दवाव दिइरहेको छ ।